# नेपाल माइक्रो इन्स्योरेन्स कं. लि. र बालाजु अटो वर्क्स प्रा.लि. का बीचमा द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर सम्पन्न

नेपाल माइक्रो **इन्स्योरेन्स** कं.लि. ले आफ्नो वीमा व्यवसाय विस्तार गर्ने क्रममा दुवै पक्षको हित हुने गरी अग्नी समूह अन्तर्गत **बालाजु अटो वर्क्स प्रा.लि.** सँग वीमा सहकार्य सम्बन्धी **द्विपक्षीय** सम्झौता गर्न सफल भएको छ । वीमा व्यवसायका विषयमा **बालाजु अटो वर्क्स प्रा.लि. को** कार्यालय, **बालाजुमा** मिति २०८२।०२।२९ गतेका दिन आयोजित एक कार्यक्रमका बीचमा द्वीपक्षीय समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । दुवै पक्षका वीच महिन्द्रा ब्राण्डको सवारी साधनको बीमा तथा दाबी प्रक्रियालाई सरल र प्रभावकारी बनाउन उक्त समझदारी पत्रमा नेपाल माइक्रो **इन्स्योरेन्स** कम्पनी लि.को तर्फबाट नायव प्रमुख कार्यकारी अधिकृत श्री अनिल राज गिरी र **बालाजु अटो वर्क्स प्रा.लि. को तर्फबाट नायव महाप्रबन्धक श्री** शिव सुदन श्रेष्ठले हस्ताक्षर गर्नु भयो । उक्त अवसरमा नेपाल माइक्रो **इन्स्योरेन्स** कम्पनीका प्रबन्धक श्री सुशन थापा र नायव प्रबन्धक श्री अमृत अधिकारी तथा **बालाजु अटो वर्क्स प्रा.लि.** का सहायक **महाप्रबन्धक** श्री सन्तोष कुमार अधिकारी समेतको उपस्थिति रहेको थियो।

